# भूमे साप्ताहिक

वर्ष ५ अङ्क १८ २०८० साउन ३१ बुधबार



## सम्पादकीय

# जिम्मेवार निकायको ध्यान जाओस्

अविरल वर्षा र बाढी पहिरोले हाम्रो जस्तो पहाडी क्षेत्र सधैं जोखिमपूर्ण अवस्थामा रहेको हुन्छ। यस वर्ष पनि बाढी, पहिरोले ग्रामीण सडकको त के कुरा मध्यपहाडी लोकमार्गको रुकुम पूर्व खण्ड ठाउँ ठाउँमा पहिरो जाने, भत्किने र सवारी आवागमनमै समस्या उत्पन्न हुने अवस्था सिर्जना भएको छ। यस्तो अवस्थामा तत्काल मर्मत सम्भार, दुर्घटना भइहाले उद्दार गर्ने संयन्त्र सधैं तयारी अवस्थामा रहनुपर्दछ। विडम्बना त के छ भने सडक बिग्रेर अस्तव्यस्त हुँदा निर्माण व्यवसायी नै बेखबर रहने स्थिति देखिएको छ। स्थानीय तह र जिल्लामा अवस्थित सरकारी संयन्त्रले यस्तो बेला चनाखो भएर पहलकदमी लिनु पर्दछ।

प्राकृतिक विपद् बाजागाजा बजाएर आउँदैन। कहाँ, कतिबेला के हुन्छ भन्न सकिदैन। वर्षा लागेसँगै वर्षेनी देशका विभिन्न भागमा बाढी पहिरोले ठूलो जनधनको क्षति हुने गरेको यथार्थ हामीसामु ताजै छ। पहाडी क्षेत्र र अझ भिरालो पाखामा भएका हाम्रा गाउँ बस्तीहरुमा सधैं पहिरोको जोखिम भइरहन्छ भने खोला किनारका फाँट, खेतबारी, पुल पुलेसा र बस्तीहरुमा बाढीको खतरा त्यत्तिकै भइरहन्छ। पछिल्ला वर्षहरुमा सडक बनाउने नाममा भएका डोजरे विकासले पहाडी संरचना नै खल्बल्याइदिएको छ। सडकका नयाँ ट्र्याक खोलिएका ठाउँमा पहिरोको जोखिम बढेको छ।

जनतासँग प्रत्यक्ष जोडिने स्थानीय सरकार नै हो। स्थानीय सरकारसँग विपद् व्यवस्थापनका लागि आवश्यक जनशक्ति, साधन स्रोत के कस्तो छ, अहिले नै तयारी हालतमा राख्नु बुद्धिमतापूर्ण हुन्छ। स्थानीय सरकारले बाढी पहिरो लगायतका प्राकृतिक विपद्बाट हुने क्षति कम गर्न आवश्यक पूर्वतयारी गर्ने र विपद् भइहाले त्यसबाट प्रभावितलाई सुरक्षित व्यवस्थापन गर्न चाहिने साधन स्रोतको तयारी गर्न ढिलाइ गर्नु हुँदैन। सरकार र आम नागरिक सबै एकताबद्ध भएर प्राकृतिक विपद्बाट बच्न पूर्वतयारी गरौं। भोलि आउने संकटको आँकलन गर्दै अहिलेदेखि नै तयारी हालतमा रह्यौं भने वर्षायामको वितण्डालाई सहजै पार गर्न सकिनेछ।

प्रकाशक

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश नेपाल

# मध्यपहाडी लोकमार्ग क्षतविक्षत, ठेकेदार बेखबर



**वर्षा सुरु भएदेखि राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्ग रुकुमपूर्व खण्डमा पहिरोले ठाउँ ठाउँमा क्षति नै क्षति पुऱ्याइरहेको छ। दिनैपिच्छे साना–ठुला पहिरोले मध्यपहाडी लोकमार्गको रुकुमपूर्व सडकखण्डमा ओहोरदोहोर गर्ने यात्रु सास्ती भोग्न बाध्य छन्।**

❖ **जयमान बुढामगर**

रुकुम (पूर्व) । वर्षा सुरु भएदेखि राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्ग रुकुमपूर्व खण्डमा पहिरोले ठाउँ ठाउँमा क्षति नै क्षति पुऱ्याइरहेको छ। दिनैपिच्छे साना-ठुला पहिरोले मध्यपहाडी लोकमार्गको रुकुमपूर्व सडकखण्डमा ओहोरदोहोर गर्ने यात्रु सास्ती भोग्न बाध्य छन्।

वर्षा हुने बित्तिकै ठाउँ-ठाउँमा पहिरो झर्ने गरेकोले सडक अवरुद्ध हुँदा यात्रुहरूले दुःख झेल्नु परिरहेको हो। मध्यपहाडी लोकमार्ग रुकुमपूर्व खण्डमा ५५ किलोमिटर रहेको छ। जसमध्येमा जिल्लाको भूमे गाउँपालिका-१ लुकुमदेखि सिस्ने गाउँपालिका-६ रुकुमकोटस्थित रानीकोटसम्मको ३५ किलोमिटर कालोपत्रे गरिएको छ भने रानीकोटदेखि रुकुम पश्चिमको सिमाना खोपिचारसम्मको ७ किलोमिटर र भूमे गाउँपालिका-१ लुकुमदेखि बागलुङको सिमाना यीरनेता (पातिहाल्ने)सम्मको १३ किलोमिटर गरी २० किलोमिटर कालोपत्रे गरिएको छैन। कालोपत्रे भएको सडकखण्ड पनि आयोजना कार्यालयलाई ठेकेदारले हस्तान्तरण गरेको छैन।

कालोपत्रे गरिएको र नगरिएको विभिन्न ठाउँमा पहिरो खसिरहेको छ। तर, सडक निर्माण सेवाका ठेकेदार भने बेखबर रहेको प्रमुख जिल्ला अधिकारी माधवप्रसाद शर्माले बताउनु भयो। हाल लगातार वर्षा भइरहेकोले पहिरो पनि लगातार गइरहेको प्रजिअ शर्माले बताउनु भयो। पहिरो झर्दा यात्रु अलपत्र पर्ने गरेका छन्। साथै एक ठाउँको पहिरोको कारणले अर्को ठाउँमा माटोसहितको सडकमा पानी बग्दा अर्को ठाउँमा पनि पहिरो जाने गरेको शर्माले सुनाउनु भयो।

पहिरो हटाउने र पहिरो जान नदिन माटोसहितको सडकमा बग्ने पानीलाई पहिरो नजाने ठाउँमा निकास गरिराखियो भने अन्य ठाउँमा हुने सडक क्षति हुनबाट जोगाउन सकिने प्रजिअ शर्माले बताउनु भयो। तर, दुःखको कुरा सडक निर्माणको लागि जिम्मा लिएको ठेकेदार सम्पर्कविहीन भएपछि अवरुद्ध सडक खुलाउन र पहिरो रोक्न स्थानीय सरकार र जिल्ला प्रशासनलाई गाह्रो भइरहेको शर्माले बताउनु भयो। शर्माले भन्नुभयो, “अवरुद्ध भएको सडकलाई सडक आयोजना कार्यालय दैलेख, जिल्लाको स्थानीय सरकार र जिल्ला प्रशासनको पहलमा जसोतसो पहिरो हटाई सडक सञ्चालन गरिराखेका छौं।” यद्यपि ठेकेदार सम्पर्कमा हुने भए पहिरो हटाउने र सडकमा बग्ने गरेको पानीलाई ठेकेदारले पन्छाई राख्यो भने सडक क्षति हुनबाट बच्ने प्रजिअ शर्माले बताउनु भयो। हालसम्म स्थानीय सरकारका जेसिभी र सडक आयोजनाको इन्धन सहयोग र प्रशासनको पहलमा अवरुद्ध सडक खुलाई सञ्चालन गरी राखिएको शर्माले बताउनु भयो।

प्रजिअ शर्माले भन्नुभयो, “ठेकेदार आफ्नो कार्यक्षेत्रमा छैनन् फोन गर्दा उठाउँदैनन्। सडक दिनैपिच्छे पहिरोले अवरुद्ध हुन्छ सडक खुलाउन हाम्रो काँधमा आएको छ।” आयोजना कार्यालय दैलेखका इन्जिनियर होमनाथ पौडेलका अनुसार आयोजना कार्यालयले पनि ठेकेदारलाई आफ्नो कार्यक्षेत्र नछोड भनी निर्देशन दिइराखेको बताउनु भयो। उहाँले भन्नुभयो, “तर, ठेकेदार आफ्नो कार्यक्षेत्रको सम्पर्कमा बस्दैनन्, हामीले पटक-पटक ताकेता गरिराखेका छौं।”

भूमे गाउँपालिका-१ देखि बागलुङ यीरनेतासम्मको १३ किलोमिटर खण्डमा भारत महादेव सिद्धि शाही जेभीले कालोपत्रेको लागि जिम्मा पाएको छ। यस खण्डमा कालोपत्रे तयारीको काम हाल अलपत्र अवस्थामै छ। यसैगरी सिस्ने गाउँपालिका-६ रानीकोटदेखि रुकुम पश्चिमको सिमाना ७ किलोमिटर खण्डमा कालिका प्यासिफिक जेभीले पनि कालोपत्रेको काम अलपत्र पारेको छ।

वर्षायामसँगै शुरु भएको सडक भत्किने र माथिबाट खसेको पहिरोले सडक अवरुद्ध हुने समस्या रोकीएको छैन। पूर्वपश्चिम राजमार्गको विकल्पका रुपमा लिइएको मध्यपहाडी लोकमार्गको यस्तो हालतले सर्वसाधारण यात्रुहरुलाई यात्राका क्रममा निकै सास्ती बेहोर्नु पर्ने अवस्था रहेको छ।

# ओझेलमा रहेको पर्यटकीय स्थल राम्ली लेक



❖ **बालाराम शेर्पाली**

**रुकुम (पूर्व)।** रुकुम पूर्वको भूमे गाउँपालिका वडा नं. २ र ३ को सिमानामा पर्ने राम्ली लेक पर्यटकीय सम्भावना रहेको स्थान हो। भूमेको २ र ३ नं. वडाको सिमानामा पर्ने राम्ली लेकमा ठूलो समथर भूभाग रहेको छ। उक्त स्थानबाट रमणीय र मनोरम प्राकृतिक दृश्यहरु अवलोकन गर्न, आँखै अगाडि लस्करै हिमाल र मिलेर बनेका पहाडका थुम्काहरु हेर्न, हिमाल, पहाड, वनजंगल, खोलानालाहरु अवलोकन गर्न सकिन्छ। त्यहाँबाट सिस्ने हिमाल, जलजला, धौलागिरी लगायत रुकुम पूर्व, रुकुम पश्चिमका विभिन्न स्थानहरु देख्न सकिन्छ।

राम्ली लेकमा यहाँका बासिन्दाले ऋषि पूर्णिमा र ज्येष्ठ पूर्णिमामा पूजापाठ गर्दछन्। राम्ली लेकमा फूलबारी, बगैंचा हुने हो र त्यहाँसम्म पुग्न सडक, खानेपानी, प्रतीक्षालय, होटल, शौचालय आदिको सुविधा हुने भने पर्यटकहरुको संख्या निकै हुने र यहाँ पर्यटकीय क्षेत्रको रुपमा विकास हुने भूमे गाउँपालिका वडा नं.३ का सन्तोष विक बताउँछन्।

स्थानीय स्तरमा सुन्दर पर्यटकीय क्षेत्रको रुपमा लोकप्रिय राम्ली लेकसम्म पुग्न मध्यपहाडी लोकमार्गबाट करिब ३ घन्टा पैदल हिड्नु पर्दछ।



लेकबाट हिडेर जान उत्तरतर्फ लाग्ने हो भने पुथा उत्तरगंगाको गाउँपालिकाका विभिन्न गाउँ बस्तीहरुमा २/३ घन्टामा पुगिन्छ।

उक्त लेकमा दशक पहिले हेलो नेपालको टावर निर्माण भएको थियो। पछि हेलो नेपालको सेवा बन्द भएपछि उक्त टावरको काम पनि भएन। अहिले भूमे गाउँपालिका वडा नं. ६ महतमा नेपाल टेलिकमको टावर सञ्चालन भएपछि सञ्चार सुविधा सहज भएको भूमे गाउँपालिका वडा नं. २ गाबाङका मदन बुढा मगरले बताउनु भयो।

राम्ली लेकमा हिउँदमा भेडा चराउन आउने भेडी गोठालोहरु बस्ने गर्दछन् भने बर्खाको समयमा समथर भूभागमा भैंसी गोठालाहरु बस्ने गर्दछन्। यो लेकमा विभिन्न थरि घाँस हुने भएकाले भेडा, भैंसी चराउन कृषकहरु मौसमअनुसार आउने गर्छन्।



# पर्यटक पर्खिरहेको सुन्दर चौँरी लेक




**समुन्द्र सतहबाट करिब ४६०० मिटर उचाइमा छ, चौँरी लेक। चौँरी लेक पुग्न रुकुम पूर्व र बाग्लुङको सिमाना पातीहाल्नेमा बास बसेर मज्जाले घुमघाम गरी फर्किन सकिन्छ।**

❖ शब्द/तस्बिरः दिल्चन पुन मगर

रुकुम (पूर्व) । समुन्द्र सतहबाट करिब ४६०० मिटर उचाइमा छ, चौँरी लेक। हिउँद याममा हिउँले छोपिने यो लेक यो वर्षायाममा रंगीविरंगी फूलहरूमा हाँसिरहेझैं लाग्छ।

भेडाका बगाल अनि गोठले यहाँको सुन्दरतालाई झन मनमोहक बनाएको छ। यस क्षेत्रमा असारको पहिलो हप्तादेखि भदौ अन्तिम सातासम्म यो लेकमा भेडी गोठ बस्छन्। भेडा बाख्रालगायत यहाँ भैंसी, गाई, अनि घोडाहरू पनि हुन्छन्।

बुकी चरनको लागि पनि उपयुक्त ठाउँ चौँरी लेक नेपालको एक मात्र शिकार आरक्ष ढोरपाटनको पश्चिम भेकतिर पर्दछ। लेकबाट रुकुम जिल्लाकै प्रसिद्ध सिस्ने हिमाललगायत पुथा हिमाल, धौलागिरि हिमाल, अन्नपूर्ण हिमाल अनि माछापुच्छ्रे हिमालहरूको लर्कोले अर्को सुन्दरता थप्छन्।

ढोरपाटन शिकार आरक्ष क्षेत्रमा रहेको पश्चिमतिर पुथा उत्तरगंगा गाउँपालिकामा रहेका विभिन्न गाउँहरू, दक्षिणमा रोल्पाको चर्चित धार्मिक तथा पर्यटकीय स्थल जलजला, जन्तरे, कोठी भिरलगायत प्यूठानका विभिन्न ठाउँहरूको पनि अवलोकन गर्न

सकिन्छ।



प्राकृतिक तथा भौगोलिक सुन्दरताले भरिपूर्ण यो ठाउँमा पर्यटनको राम्रो सम्भावना छ। जसलाई थप पर्यटन प्रवर्द्धन गर्न भूमे गाउँपालिकाले चौंरी लेक भ्रमण गर्ने आन्तरिक तथा बाह्य पर्यटकको लागि सहज होस् भनेर कोइपासम्म मोटर बाटो खनिरहेको छ।







त्यहाँबाट चौंरी लेक पुग्न करिब २-३ घण्टा मात्रै लाग्छ। चौंरी लेक पुग्न रुकुम पूर्व र बाग्लुङको सिमाना पातीहाल्नेमा बास बसेर मज्जाले घुमघाम गरी फर्किन सकिन्छ।

करिब ३१ सय मिटरमा अवस्थित पातीहाल्ने भञ्याङमा होटेल छ, खान-बस्नेको व्यवस्था छ। यहाँबाट तिलाचन, कोठिभिर, जन्तरे सजिलै पुग्न सकिन्छ भने मोटर बाटो पछ्याउँदै बुर्तिबाङ हुँदै ढोरपाटन पनि सजिलै पुग्न सकिन्छ।

# नेपालमा पालिने स्थानीय र उन्नत जातका गाई भैंसीबारे केही जानकारी





**नारायण ओली**

नेपालका विभिन्न ठाउँमा पाइने स्थानीय गाई भैंसीको आ आफ्नै महत्व रहेको पाइन्छ। केही स्थानीय जातका गाईहरु दुर्लभ बन्दै गएका छन् भने कुनै लुप्त प्रायः भएका छन्। अछाम जिल्लामा पाइने अछामी गाई र मुस्ताङ जिल्लाको लुंलु गाई दुर्लभ रुपमा गणना हुन्छन्।

पहाडी जिल्ला इलाममा पाइने सिरी गाई मिश्रित प्रजननको कारण लोप प्रायः हुन पुगेको छ। यी गाईको दुध उत्पादन क्षमता धेरै कम छ- (१.५-२.५) प्रति दिन। त्यस्तै गरेर पूर्वदेखि पश्चिमसम्मको तराई क्षेत्रमा पाइने गाई गोरुलाई तराई जातको भन्ने गरिएको छ। यिनीहरु धेरैजसो सेतो रङको हुन्छन्। यिनलाई दुधको लागि भन्दा जोत्ने, गाडा तान्ने र मलको निम्ति पाल्ने गरिन्छ।

त्यसैगरी स्थानीय जातका भैंसीहरु लिमे र पार्कोटे भैंसी तल्लो भेग अर्थात् मध्यपहाडमा हुन्छन्। यी सबै जातका भैंसी दुध, मासुका लागि, जोत्ने र गाडा तान्ने जस्ता कामका निम्ति पालिन्छन्।

### नेपालमा पालिएका भैंसीका जातहरु

सामुद्रिक सतहदेखि २४०० मिटरसम्मको उचाईमा दुध तथा मल उत्पादनका लागि भैंसी पालन गरिँदै आएको छ। बढ्दो मासुको मागलाई मध्यनगर राखी हाल नेपालमा ब्रोइलर पाडा पालन कार्यक्रमलाई पनि अघि सारिएको छ। हाल नेपालमा भैंसीको दुध उत्पादन ६८ प्रतिशत तथा मासु उत्पादनमा ६५ प्रतिसत योगदान छ।

### १. स्थानीय जातका भैंसीहरु

**क) लिमेः** यो भैंसी ७०० देखि १५०० मिटरसम्मको उचाई तथा मध्य तथा तल्लो पहाडी

भेगमा पालन गर्न उपयुक्त जात हो। यसलाई दुध, मासु, मल, जोत्न, गाढा तान्न आदिको लागि पालिन्छ। यसको छालाको रङ सेतो मिसिएको खैरो, आँखीभौं सेतो घाँटीमा सेतो भएको करिब ५१.६ महिनाको उमेरमा पहिलो पटक बाली जाने ६१.२ महिनाको उमेरमा ब्याउने तथा व्यदान्तर २१ महिना र दैनिक दुध ३ लिटरका दरले ३०५ दिनसम्म ९१५ लिटरसम्म प्रति वेतको अवधिमा दुध दिने गरेको पाइन्छ।

**ख) पाकोटेः** यो भैंसी १५०० देखि २५०० मिटरसम्मको उचाईमा बढी पालन गर्न सकिने बहुउद्देश्यीय र बहुउपयोगी, रोग प्रतिरोधात्मक क्षमता भएको दुध, मासु, मल, जोत्न तथा गाढा तान्न प्रयोग हुने कमसल दानाले पनि राम्रो उत्पादन दिने क्षमता भएको भैंसी हो। कालो रङ भएको, निधार लामो चौडा, टाउको लच्किएर पछाडि गएको, सिङ भएको, सानो र लाम्चो शरिर भएको, खुट्टा, पुच्छर र नाकमा रौं भएको यसको विशेषता हो। यस भैंसीको ५१.८ महिनाको उमेरमा पहिलोपटक राँगो खोज्ने र ६२.२ महिनाको उमेरमा ब्याउने, दैनिक २.७७ लिटरका दरले ३०५ दिनमा ८४५ लिटरसम्म दुध दिने, २०.६ महिना वेदान्तर र बाली गएको ३१५ दिनमा ब्याउने गर्छ।

**ग) गड्डीः** यो भैंसी सुदूरपश्चिम नेपालमा उत्पत्ति भएको, अरु स्थानीय भैंसीहरु भन्दा बढी उत्पादन क्षमता भएको, चरिचरन बढी मन पराउने, शरिर सेतो पुच्छर लामो पछाडिको भाग चौडा हुने विशेषता भएको भैंसी हो। यसले पहिलोपटक राँगो लाग्ने उमेर ४५.६ महिना, गर्भ अवधि ३३० दिन भएको, ६८.८ महिनामा ब्याउने, प्रतिवेल ३.५ लिटरका दरले ४२० दिनसम्म १४७० लिटर दुध उत्पादन हुने भैंसी हो।

### २. उन्नत भैंसीका जातहरु

**क) मुर्राः** भारतको हरियाना पञ्जाब क्षेत्रमा उत्पत्ति भएको, सिङ घरमेको घाँटी लामो र पातलो हुने, पहिलो पटक ४२ देखि ४३ महिनाको उमेरमा ब्याउने, प्रतिवेत १५०० देखि २१०० लिटरसम्म दुध दिने भैंसी हो। स्थानीय र मुर्रा क्रस भैंसीले १२०० देखि १५०० लिटरसम्म दुध दिने गरेको छ।

**ख) निलिरभीः** यो भैंसी मुर्रा समुहमा पर्ने भारतमा उत्पत्ति भएको दैनिक ८ देखि १० लिटर दुध दिने, नेपालको स्थानीय जातसँग क्रस गर्दा ५० प्रतिसत क्रसले १३०० लिटरसम्म दुध दिने गर्छ।

### नेपालमा पालिएका गाईका जातहरु

नेपालमा गाईको औषत दुध उत्पादन ४१४ लिटर प्रतिवेत दुध उत्पादन हुने गर्छ। नेपालमा गाईको संख्या ७२ लाख छ, जसमा दुहुना गाईको संख्या १० लाख मात्र छ। कुल ग्राहस्थ उत्पादनमा गाईको योगदान १४ प्रतिशत मात्र छ भने कुल दुध उत्पादनमा गाईको योगदान ३२ प्रतिशत छ।

### १. स्थानीय गाईका जातहरु

**क) सिरिः** यो गाई सामुद्रिक सतहदेखि १४०० देखि २००० मिटरको उचाइको पूर्वी पहाडी

भागको इलाम जिल्लमा पाइन्छ। यसको दुध उत्पादन क्षमता राम्रो भए पनि संरक्षणको अभावमा लोप भयो भने पनि पूर्वी पहाडी गाउँमा कतै पाइएको रेकर्ड छ, यसको संरक्षमा हाल कृषि अनुसन्धान परिषदले कार्यक्रम सञ्चालन गरेको छ।

**ख) अक्षमीः** यसको उत्पत्ति पश्चिम नेपाको अछाम जिल्लामा भएको हो। यो संसारकै सबैभन्दा सानो आकारको गई भए पनि यसको पहिलोचोटि ३६ देखि ५६ महिनाको उमेरमा भाले लाग्ने तथा यस गाईको दुध उत्पादन प्रतिवेत २५० देखि ४०० लिटरसम्म उत्पादन हुने गर्छ। यसले प्रतिवेत १८१ दिनसम्म दुध दिने गाई हाला लोपोन्मुख अवस्थामा छ।

**ग) लुलुः** यसको उत्पत्ति नेपालको हिमाली जिल्ला मनाङ र मुस्ताङमा भएको मानिन्छ। जुरो नभएको कम लगानीमा पाल्न सकिने, रोग प्रतिरोधात्मक क्षमता बढी भएको गाई भए पनि यसको दुध उत्पादन प्रतिवेत ६०० लिटर हुन्छ। यस गाईले १८० दिनसम्म दुध दिन्छ। यो गाई हाल नेपालमा लोपोन्मुख अवस्थामा हुन्छ।

**घ) पहाडी गाईः** यो गाई नेपालको ४००० मिटरसम्मको उचाइमा पालन गर्न सकिने, रोग प्रतिरोधात्मक क्षमता बढी भएको यस गाईलाई खेत जोत्न गोरुको प्रयोग र दुधका लागि पनि प्रयोग गर्दा ७५० लिटर दुध उत्पदन क्षमता हुन्छ।

**ङ) खैला गाईः** यो गाइको उत्पत्ति पश्चिम नेपालको डोटी र बैतडी जिल्लामा भएको हो। यसलाई मल, दुध र बाच्छा उत्पादन र जोत्नका लागि पालन गरिन्छ। यसको पनि रोग प्रतिरोधात्मक क्षमता बढी हुनुका साथै दुध उत्पादन प्रतिवेत ३५० लिटरसम्म हुन्छ।

**च) गौरी गाईः** चितवन जिल्लामा बढी पालन गरिने यो गाई रोग प्रतिरोधात्मक क्षमता बढी भएको गर्मी सहन सक्ने हुन्छ। यसको दुध उत्पादन प्रतिवेत ३७० लिटर हुन्छ।

**छ) चौरी गाईः** यो ३००० देखि ४५०० मिटरसम्मको उचाईमा हुने बढी चिसो सहन सक्ने दुध तथा भारी बोक्नका लागि हिमाली भेगमा प्रयोग गरिन्छ। यसलाई २३ महिनाको उमेरमा भाले लगाउने सकिने, प्रतिवेत २३० लिटर दुध दिन्छ। यसका जातहरु २ ओटा छन ती हुन्-

**१. डिम्जो चौरीः** यो गाई याक र स्थानीय किर्खो गाईसँग प्रजनन गरि निकालिएको हो। यो ३६ महिनामा व्याउन योग्य हुन्छ। यसले व्याएको २७० दिनसम्म दुध दिन्छ। यसले प्रतिवेत १६९० लिटर दुध दिने गरेको छ।

**२. उरङ चौरीः** यो गाई नाक र स्थानीय किर्खौ जातको साढेसँग प्रजनन गरि उत्पादन गरिएको हो। यो ४४ महिनाको उमेरमा व्याउन योग्य हुन्छ।१४ महिनाको फरकमा व्याउने र व्याएको २६० दिनको अवधिमा १३ सय लिटरसम्म दुध उत्पादन गर्छ।



## ख) नेपालमा पालिने उन्नत गाईका जातहरु

क) जर्सी गाईः यसको उत्पत्ति बेलायतको जर्सी टापुमा भएको हो। यो करिब त्रिभुजाकार, रंग प्रायः रातो, खैरो वा कालो, डडाल्नु सिधा, फाँचो र थुन ठुला, टाउको बीचमा खोप्रो परेजस्तो, अनुहार छोटो र यसको भाले रिसालु हुन्छ। साँढेको शारिरीक तौल ६७५ केजी र माउको तौल ४५० केजी हुन्छ। प्रतिवेत प्रति जनावर दूध उत्पादन ५००० देखि ६००० लिटरसम्म हुन्छ।

**ख) होलिस्टिन फ्रिजियनः** यसको उत्पति नेदरल्याण्डको फ्रिजल्याण्डमा भएको हो। यो गाई संसारकै सबभन्दा बढी दुध दिने, सेतो, कालो, टाटेपाटे, ढाड अलि कुप्रेको, लामो र साँघुरो मुख, गाई शान्त स्वभावको र साँढे हिंस्रक स्वभावको हुन्छ।साढेको शारिरीक तौल १००० केजी र माउ ६७५ केजीसम्म हुन्छ । दुध उत्पादन प्रति वेत ६५०० देखि ९००० लिटरसम्म भएतापनि ११००० लिटरभन्दा बढी दिएको पनि पाइन्छ।

**ग) ब्राउन स्वीसः** यसको उत्पति स्वीजरल्याण्डमा भएको हो। यो गाई खैरो वा कालो रंगको, सुस्त र सोझो हुन्छ। प्रतिकुल मौसम खप्न सक्ने, डाँडाकाँडामा पनि पाल्न सकिने, गर्मीमा पनि पाल्न सकिने, शारिरीक तौल साँढेको ९०० केजी र माउको ६२५ केजीसम्म हुन्छ। औसत दुध उत्पादन प्रतिवेत ५५०० लिटरसम्म पाइन्छ। पशु विकास फार्म, जिरी दोलखामा यो जातको गाईपालन गरिएको छ।

**घ) साहिवालः** यसको उत्पत्ति पाकिस्तानको मन्टगोमेरीमा भएको हो। चाख्लो निधार, छोटा खुट्टा, छोटा सिङ पछाडि फर्केका, निकै ठुलो र लगभग एकतर्फ ढल्केको जुरो तथा माल भएको हुन्छ। यसको रंग रातो र हल्का खैरो हुन्छ। यो एशियाको राम्रो दुधालु गाई हो। साँढेको तौल ५०० केजी र माउको तौल ३४० केजी हुन्छ। प्रतिवेत दुध उत्पादन १३५० लिटर हुन्छ।

**ङ) रेड सिन्धीः** यसको उत्पति पाकिस्तानको सिन्धु प्रान्तमा भएको हो। यसको रंग रातो कालो, वोधो सिङ्ग भएको धेरै ठुलो जुरो तथा माल भएको, दरिलो शरिर निकै शान्त प्रकृतिको, फाँचो ठुलो र तल झरेको हुन्छ। साँढेको शारिरीक तौल ४५० केजी र माउको ३०० केजीसम्मको हुन्छ। औसत दुध उत्पादन प्रतिबेत १५०० देखि २२०० लिटर दिने यस गाईको विशेषता हुन्छ।

**च) हरियाणाः** यसको उत्पत्ति भारतको हरियाणामा भएको हो। यसको रंग सेतो, कसिलो र अग्लो शरिर हुन्छ। यसको साँढे जोत्न र गाडा तान्न उपयुक्त हुन्छ। वयस्क गाईको तौल ५५० केजी हुन्छ। प्रतिवेत औषत दूध उत्पादन १२०० लिटर हुन्छ।

**लोकसेवा आयोग, शिक्षक सेवा आयोग, हाजिरी जवाफ प्रतियोगिताका लागि उपयोगी**

**१. फिफाद्वारा सन् २०२६ को विश्वकप फुटबल प्रतियोगितामा एसियाबाट कति टोलीको कोटा निर्धारण गरिएको छ ?**

≅ आठ

**२. नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (नास्ट) को उपकुलपतिमा कसलाई नियुक्त गरियो ?**

≅ दिलीप सुब्बा (विसं २०८० साउन)

**३. तीन महिनाको अवधिमा विश्वका आठ हजार मिटरभन्दा अग्ला १४ वटा हिमाल आरोहण गरी कीर्तिमान कायम गर्ने पर्वतारोही को हुनुहुन्छ ?**

≅ नर्वेकी आरोही क्रिस्टिन हरिला र नेपाली गाइड तेन्जेन शेर्पा (लामा)

– हरिला र शेर्पाले २०८० साउन ११ मा पाकिस्तानस्थित **माउन्ट केटु**को सफल आरोहण गरेसँगै उहाँहरूले सो कीर्तिमान कायम गर्न सफल हुनुभएको हो। यसअघि आरोही निर्मल पुर्जाले सन् २०१९ मा छ महिना छ दिनमा यी १४ वटा हिमालको सफल आरोहण गर्नुभएको थियो।

**४. वर्ल्ड इकोनोमिक फोरमद्वारा प्रकाशित ग्लोबल जेन्डर ग्याप रिपोर्ट-२०२२ अनुसार नेपाल कति औं स्थानमा रहेको छ ?**

≅ ९६ औं (१४६ राष्ट्र समेटी तयार गरिएको सो प्रतिवेदन अनुसार ०.९०८ अङ्कका साथ आइसल्यान्ड पहिलो स्थानमा रहेको छ। सूचीको अन्तिम (१४६ औं) स्थानमा अफगानिस्तान (०.४३५ अङ्क) रहेको छ। सो सूची अनुसार छिमेकी राष्ट्र चीन १०२ औं (०.६८२ अङ्क) र भारत १३५ औं (०.६२९ अङ्क) स्थानमा रहेका छन्।)

**५. नेपालको पहिलो महिला डेपुटी गभर्नर को हुनुहुन्छ ?**

≅ निलम तिम्सिना ढुङ्गाना (विसं २०७७ फागुन २५)

**६. राष्ट्रिय कृषि जैविक विविधता दिवस कहिले मनाइन्छ ?**

≅ माघ १ (नेपालमा विसं २०७९ देखि यो दिवस मनाउन सुरु गरिएको हो। पहिलो दिवसको नारा : ***जीवन तथा वातावरणका लागि कृषि जैविक विविधता*** रहेको छ। कृषि जैविक विविधताको महत्व, मूल प्रवाहीकरण, संरक्षणका लागि विधि र पद्धतिको विकास गर्नु दिवसको मुख्य उद्देश्य रहेको छ।

**७. ह्वाइट्ली फन्ड फर नेचर (डब्लुएफएन) अवार्ड, २०२२ बाट सम्मानित नेपाली को हुनुहुन्छ ?**

≅ सोनाम लामा (ताप्लेजुङ, रेडपान्डा संरक्षणमा सक्रिय) यसअघि यो अवार्ड सन् २००५ मा चराविद् हेमसागरले प्राप्त गर्नुभएको थियो।

**८. नागरिक बडापत्रको अवधारणा ल्याउने व्यक्ति को हुनुहुन्छ ?**

≅ जोन मेजर, बेलायत (सेवाग्राहीहरूको सर्वोपरि हितका लागि नागरिक बडापत्रको अवधारणा ल्याउने व्यक्ति बेलायतका पूर्वप्रधानमन्त्री जोन मेजर हुनुहुन्छ। विश्वमा नागरिक बडापत्रको सुरुवात सन् १९९१ जुलाई २२ मा बेलायतबाट भएको हो। नेपालमा नागरिक बडापत्रको प्रयोग विसं २०५६ देखि सुरु भएको हो। नेपालमा क्षतिपूर्तिसहितको नागरिक बडापत्रको सुरुवात विसं २०७० वैशाख २ देखि भएको हो।)

*टंक केसी/गोरखापत्र दैनिकबाट साभार*

कविता

# कस्तो प्रेम यो

**- हिरा बुढा मगर**

कस्तो प्रेम बस्यो तिम्रो मेरो रहरै रहरमा
फर्की आउँछु गाउँघरमा एक्लै बस्दिनँ म शहरमा
डाहा गर्छन् विश्व जगतले कस्तो प्रेम हाम्रो
किन चाहियो शहर गाउँकै माया राम्रो ।

सँगै गोठाला जाउँला बिहानै उठेर हेर्नु छ सिस्ने हिमाल
लौ समाल म त तिम्रै शरणमा छु चाहिनँ झिलिमिलि श्रृङ्गार
यस्तो होस प्रेम दुनियाँलाई लाग्ने हेर्दै आनन्द
म हेर्छु छड्के नजरमा तिमी मुस्कुराउनु मन्द मन्द

चाहे घाम पूर्व पश्चिमबाट उदाओस् म प्रेम गरिरहन्छु
चाहे धर्ती आकाश खसोस् म नजिक सरिरहन्छु
हजार हजार मेरो तरिकाले प्रेम गर्नु छ तिमीसँगै
प्रेम देखाएर बनाउनु छ मलाई लग्ने काललाई पनि दङ्गै

आमा तिमीले मलाई जन्म दियौ तिमीलाई कुनै अभाव हुन दिन्नँ
बाबा तिमीले कर्म दियौ म बाँचुन्जेल तिमीलाई रुन दिन्नँ
प्रेमले जित्नु छ कथा जस्तै मदन मुनाको
इतिहास लेखाई गर्व गर्ने बनाउनु छ म तिम्रो हुनाको

के सोच्छ गाउँ समाज म जान्दिनँ कहिल्यै पनि
जातीय विभेद गर्छन् मान्छेले मान्छेलाई अछुतै भनी
को तराईको को पहाडको प्रेम एउटै हो मेरो
हातमा हात मिलाएर हिडौं केही छैन अप्ठ्यारो

बर्बराएँ सपनीमा खोजेर तिमीलाई नजाऊ छोडेर
बस्यो प्रेम साँच्चै तिमीले यो दिल लग्यौ चोरेर
प्रेम गर सबैलाई विन्ती छ भ्रष्टाचार नगर
नजन्माई देऊ है आमा तिमीले चेली बेच्ने शहर

*- भूमे गाउँपालिका ५ रुकुम (पूर्व)*

भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खावाङ बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

आर्थिक वर्षः- २०८०/८१
सूचना नं.:- 02

**मौजुदा सूचीमा सुचिकृत/दर्ता हुने सम्बन्धी सूचना ।**
**(दोस्रो पटक सूचना प्रकाशित मितिः- वि.सं.२०८०/०४/२५ गते)**

प्रस्तुत विषयमा यस भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा केन्द्र, खावाङ्ग बगर, रुकुम (पूर्वी भाग), लुम्बिनी प्रदेश, नेपाल कार्यालयको यस चालु आ.व.२०८०/८१को स्वीकृत वार्षिक विकास कार्यक्रमहरु अन्तर्गत प्रथम, दोस्रो र तेस्रो चौमासिक अवधिमा सञ्चालन हुने विभिन्न कृषि सम्बन्धी कार्यक्रमहरुमा आवश्यक पर्ने विभिन्न कृषिजन्य सामाग्रीहरु आपूर्ती (खरिद) गर्नुपर्ने भएको हुँदा उक्त विभिन्न कृषिजन्य सामाग्रीहरु आपूर्ती (विक्रिवितरण) गर्न ईच्छुक विक्रेता (आपूर्तीकर्ता)हरु ***कृषि नर्सरी/फार्म/कम्पनी/सप्लायर्स/प्रा.लि./एग्रोभेट/समुह/संस्थाहरु***ले तपसिलमा उल्लेखित आवश्यक कागजातहरु संलग्न गरी ***यो सूचना प्रकाशित भएको मितिले ७ दिन (२०८०/०४/३१ गते)भित्र*** कार्यालय समयमा यस भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, खावाङ्ग बगर, रुकुम (पूर्वी भाग) कार्यालयमा मौजुदा सूचीमा सूचिकृत/दर्ता हुन यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**तपसिलः**

**पेश गर्नुपर्ने आवश्यक कागजातहरुः**

- मौजुदा सूचीमा सूचिकृत/दर्ता हुने सम्बन्धमा निवेदन र छाप ।
- सञ्चालक/प्रोपाईटर/अध्यक्ष/सचिव/कोषाध्यक्ष/व्यवस्थापकको नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपी ।
- दर्ता तथा नविकरण प्रमाण-पत्रको प्रतिलिपी ।
- स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाण-पत्रको प्रतिलिपी ।
- मूल्य अभिबृद्धि कर (VAT) दर्ता प्रमाण-पत्रको प्रतिलिपी ।
- गत आ.व.२०७९/८०को करचुक्ता प्रमाण-पत्रको प्रतिलिपी ।
- गत आ.व.२०७९/८०को अन्तिम लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपी ।
- समूह/संस्थाको हकमा मौजुदा सूचीमा सूचिकृत/दर्ता हुने सम्बन्धमा निर्णयको प्रतिलिपी ।
- नियमानुसार राजश्व शुल्क तिरेको नगदी रसिद ।

(स्वतन्त्र राज चौधरी)
कृषि प्रसार अधिकृत

(उपेन्द्र यादव)
निमित्त प्रमुख प्रशासकीय अधिकृत

**सम्पर्कका लागिः**

१. कृषि प्रसार अधिकृत- स्वतन्त्र राज चौधरी :- ९८४१८०२७३२, ९८२२८२३८२६
२. ना.प्रा.स.- विशाल पुन मगर :- ९८६६९०४६५६, ९८१०९४०९९५
३. ना.प्रा.स.- शिखर विश्वकर्मा :- ९८६८६२१८०४, ९८०६२९११२५

खावाङ बगर, रुकुम (पूर्व), लुम्बिनी प्रदेश, नेपाल | सम्पर्क फोन नं. +९७७-९८०१३३२३८३, ९७६२५२७१११
इमेलः info@bhumemun.gov.np, bhumemun@gmail.com, वेबसाइटः www.bhumemun.gov.np

# लम्पी स्किन रोग सम्बन्धी जानकारी

**परिचयः**

- यो रोग गाई भैसीमा देखिने रोग हो ।
- यो पोक्स भाइरसले गर्दा लाग्ने गर्छ ।
- सन् 2012 मा मध्यपूर्व देखि दक्षिण-पूर्वी युरोपमा फैलिएको थियो ।
- हाल ५५ जिल्लामा फैलिएको पुष्ट्याई भएको छ ।
- मृत्युदर गाईवस्तुमा ३-७ र भैंसीमा ०% रहेको छ ।
- यसले स्थानीयको तुलनामा उन्नत नश्ललाई बढी असर गर्ने गर्छ ।
- उत्पादनमा गिरावट् आउने, ओसारपसारमा प्रतिवन्ध गर्नुपर्ने हुदा आर्थिक नोक्सानी हुने गर्दछ ।
- यो रोग पशुबाट मानिसमा सर्दैन ।
- रोग गर्मि मौसममा किराहरुको टोकाईबाट सर्ने गर्दछ ।

**लक्षणहरुः**


संक्रमित पशुहरुमा निम्न लक्षणहरु देखा पर्ने गर्दछ ।

- उच्च ज्वरो १०४ डिग्री फरेनहाइट भन्दा बढी आउने गर्दछ ।
- छालामा १ देखि ५ सेन्टिमिटरका साह्रा गोलो गिर्खाहरू देखिने ।
- थतुनो,ओठ, मुख र नाकभित्र घाउ देखिन्छ।
- आखाँ र नाकबाट अत्यधिक मात्रामा तरल पदार्थ आउँछ,ऱ्याल काड्छ, लिम्फ नोडहरू सुनिन्छन, संक्रमित पशु लक्षण नदेखाई मर्न पनि सक्छ ।
- किराले गिर्खाहरु फुटाएर जटिल प्रकारका घाँउ बनाउन सक्छ ।



**रोग सर्ने माध्यमः**

- संक्रमित लामखट्टे, झिंगा, किर्नां जस्ता किराहरूको टोकाइबाट सर्छ ।
- संक्रमित गाईवस्तुहरुको ओसारपसार गर्दा सर्छ ।
- उपचारमा संलग्न प्राविधिक तथा प्रयोग गरिने संक्रमित औजारबाट सर्न सक्छ।
- पशुको प्रजनन, दानापानी खाने भाँडा, चरण क्षेत्र तथा प्रत्यक्ष पशुको सम्पर्कबाट पनि सर्न सक्छ ।




**उपचारः**

दुर्भाग्यवश यो रोग भाइरसबाट लाग्ने भएको हुदाँ प्रभावकारी उपचार छैन । यसको सबैभन्दा राम्रो उपाय भनेको रोग लाग्न नदिनुनै उत्तम उपाय हो। यसको सट्टा, संक्रमित जनावरहरूले सहायक हेरचाह गर्न सकिन्छ,जसमा लक्षणको आधारमा उपचार गर्न एन्टिबायोटिक, पेनकिलर र घाउ सफा गर्ने स्प्रेहरुको प्रयोग गर्न सकिन्छ । कुनै उपचार नभए पनि रोग फैलिन नदिन वा नियन्त्रण गर्न भ्याक्सिनको प्रयोग गर्न सकिन्छ । दुर्भाग्यवश यसको भ्याक्सिन हाल सम्म नेपालमा उपलब्ध छैन । आसा छ यसको भ्याक्सिन नेपालमा छिटै उपलब्ध हुने छ ।



**रोगको शंका लागेमा के गर्नेः**

- रोगको प्रकोप फैलिएको क्षेत्रका पशुहरुलाई नियमित निरिक्षण गर्ने ।
- रोगको शंका लागेका नजिकका भेटेरीनरी प्राविधिक, गाउँपालिका पशु सेवा केन्द्र, एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालयमा खबर गर्ने ।
- पशुहरुको ओसारपसार गर्न पुर्णरुपमा बन्द गर्नुपर्छ ।




Figure 1. Viral pathway of lumpy skin disease

**रोकथाम तथा जैविक सुरक्षाका उपायहरुः**

तपाईं आफ्नो फार्मको सुरक्षा कसरी गर्न सक्नुहुन्छ ? आफ्नो फार्मको सुरक्षाका लागि विभिन्न उपायहरु अपनाउने गर्नुहोला । विश्वसनीय स्रोतहरूबाट गाईभैंसी खरिद गर्नुपर्दछ । गाईभैंसी खरिद गरेर ल्याउदा २८ दिनसम्म बथानबाट अलग्गै वा क्वारेन्टाइनमा राख्नुपर्दछ । यो रोगको प्रकोपको समयमा रोग लागेको ठाउँ बाट गाईभैंसी ल्याउन हुदैन। गोठलाई झिंगा, लामखुट्टे तथा अन्य किराहरूबाट मुक्त राख्नु ,सरसफाइमा ध्यान दिनपुर्दछ । आवश्यकता अनुसार उपयुक्त किटनाशक औषधी प्रयोग गर्नुपर्दछ । गोठको वरिपरि पानी जम्ने ठाउँ हनु हुदैन । आफ्नो फार्ममा जैविक सुरक्षाका उँपायहरू अवलम्बन गर्नुपर्दछ । प्रत्यक वर्ष पशुवस्तुहरुलाई खोप लगाउनुपर्छ ।




**रोग देखिएमा यहाँ सम्पर्क गर्नुहोलाः**

- वडानं १ र २ का लागि अमृता रोका, ९८४८०५७२७२
- वड नं ३ र ८ का लागि दिल कुमारी सुनार, ९८६७२२९४६६
- वडा न् ४ र ५ का लागि जनम बुढा मगर, ९८४८६९९७२८
- वडा नं ६ र ७ का लागि भुपाल ओली, ९८६६९१६०३७
- वडा नं ९ का लागि कमल के सी, ९८४६८१०१६०
- गाउँपालिका पशु सेवा केन्द्र का लागि नारयण ओली, ९७६२५२७१७० भुपेन्द्र शाही , ९८६६९१६०३७




जनहितका लागि
भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पशु सेवा केन्द्र

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

**थप जानकारीका लागि. ९७६२५२७१७०, ९८६६९१६०३७, ९८४८६९९७२८, ९८६८६३३५५१, ९८४८०५७२७२, ९८४६८१०१६०**

## भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## खाबाङबगर, रुकुम (पूर्व)

# जनहितमा जारी सन्देश

- जन्म, मृत्यु, विवाह, बसाइसराइँ, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु सम्बन्धित वडा कार्यालयमा गइ ३५ दिनभित्रै दर्ता गराऔं ।
- आफूले तिर्नु/बुझाउनु पर्ने घर जग्गा कर, मालपोत कर, व्यवसाय कर लगायतका कर तथा शुल्कहरु समयमै बुझाउने बानी बसालौं ।
- सार्वजनिक स्थलहरुमा जथाभावी फोहोर नफालौं, आफ्नो घर आँगन सफा राखौं र फोहरको उचित व्यवस्थापन गरौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेका विकास निर्माण कार्यहरुमा सहभागी हुँदै रेखदेख गरौं ।
- आफ्ना नानी -बाबुहरुको शिक्षा, स्वास्थ्यमा ध्यान पुऱ्याऔं ।
- विद्यालय जाने उमेर समूहका बालबालिकाहरुलाई विद्यालय पठाऔं, आफ्नो समुदाय र विद्यालयहरुलाई बालमैत्री बनाऔं ।
- गाउँघरमा रहेका पुराना पोखरीहरुको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरुको संरक्षण गरौं ।
- बालविवाह सामाजिक अपराध भएकाले २० वर्षपछि मात्र विवाह गरौं र गराऔं ।
- सार्वजनिक सम्पत्ति, ऐतिहासिक, पुरातात्विक सम्पदाहरुको संरक्षण गरौं ।
- वनमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
- अपाङ्गता भएका व्यक्तिहरु, असहायहरु, जेष्ठ नागरिकहरु र बालबालिकाहरुलाई आवश्यक सहयोग गर्ने बानी बसालौं ।
- व्यवसाय सञ्चालन गर्दा गाउँपालिका वा सम्बन्धित निकायमा अनिवार्य दर्ता गराइ सञ्चालन गर्ने गरौं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बीउबिजनको प्रयोग गरी कृषिजन्य वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गरौं ।
- घरेलु हिंसा, लैङ्गिक हिंसा, जातीय भेदभाव लगायतका सबै प्रकारका भेदभाव र हिंसाको अन्त्य गरौं ।
- प्लास्टिक जथाभावी नफालौं, प्लास्टिकको न्यून प्रयोग गरौं, प्लास्टिकमुक्त गाउँ बनाउने अभियानमा सबैले सहयोग गरौं ।